निर्वाचन आयोग
नेपाल
२०२३

**विषय : राष्ट्रिय सभा सदस्य उपनिर्वाचन स्वास्थ्य सुरक्षा मापदण्ड, २०७८ ।**

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ५ बमोजिम राष्ट्रिय सभा सदस्य पद रिक्त भएको मितिले पैतीस दिनभित्र निर्वाचन सम्पन्न गर्नेगरी मिति तोक्नुपर्ने भन्ने व्यवस्था अनुसार बागमती प्रदेशमा रिक्त रहेको अन्य समूहतर्फको राष्ट्रिय सभा सदस्यको उपनिर्वाचन सम्बत् २०७८ साल जेठ ६ गते विहिबार र लुम्बिनी प्रदेशमा रिक्त रहेको राष्ट्रिय सभा सदस्यको उपनिर्वाचन सम्बत् २०७८ साल जेठ १७ गते सोमबार सम्पन्न गर्नेगरी निर्वाचनको मिति तोकिएको छ । कोभिड-१९ महामारीको विद्यमान यस अवस्थामा स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण रूपमा पालना गर्न, गराउन आवश्यक व्यवस्था गर्नुपर्ने भएकोले राष्ट्रिय सभा सदस्य उपनिर्वाचनलाई व्यवस्थित एवम् सुरक्षित रूपमा सम्पन्न गर्न देहाय बमोजिमको स्वास्थ्य सुरक्षा मापदण्ड सम्बन्धी विशेष व्यवस्था गरिएको छ ।

**देहाय**

१. राष्ट्रिय सभा सदस्य निर्वाचन निर्देशिका, २०७६ बमोजिम मतदान स्थल तथा मतदान केन्द्रमा प्रवेश गर्न अनुमति पाएका सबै व्यक्तिले ७२ घण्टा अवधिभित्रको PCR Report देखाइ मास्क लगाएर मात्र प्रवेश गर्नु पर्नेछ ।

२. मतदान स्थल तथा मतदान केन्द्रमा प्रवेश गर्न अनुमति पाएका व्यक्तिले मतदान स्थल तथा मतदान केन्द्रमा प्रवेश गर्नुअघि अनिवार्य रूपमा साबुन पानीले हात धुने र स्यानिटाइजर प्रयोग गर्ने व्यवस्था गर्नु पर्नेछ ।

३. मतदान स्थलमा तापक्रम मापन गर्ने थर्मल गन र आवश्यक स्वास्थ्य सामग्री सहित दुइ जना स्वास्थ्यकर्मी रहेको हेल्थ-डेस्कको व्यवस्था हुनेछ । हेल्थ डेस्कको व्यवस्था सम्बन्धित प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको समन्वयमा सम्बन्धित जिल्ला स्वास्थ्य कार्यालय वा जिल्ला अस्पतालबाट गर्नु पर्नेछ ।

४. प्रत्येक मतदाताले ७२ घण्टा अवधिभित्रको PCR Report देखाएर मात्र मतदान केन्द्रमा प्रवेश गर्नुपर्ने व्यवस्था बमोजिम PCR Report अनुसार कोभिड संक्रमित नदेखिएका प्रदेशसभा सदस्यलाई **मतदान केन्द्र "क"** मा, नगरपालिका प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष र उपाध्यक्षलाई **मतदान केन्द्र "ख"** र कोभिड संक्रमण देखिएका मतदातालाई **मतदान केन्द्र "ग"** बाट मतदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

५. निर्वाचन अधिकृतको कार्यालयबाट मतदान स्थल तथा केन्द्रमा खटिने कर्मचारी बाहेक मतदान स्थल तथा केन्द्रमा प्रवेश अनुमति पाएका मतदाता लगायत अन्य सबै व्यक्तिको PCR परीक्षणको व्यवस्था आफैले गर्नु पर्नेछ ।

६. कोभिड संक्रमित मतदाताहरूलाई मात्र मतदान गर्ने प्रयोजनको लागि कायम गरिएको **"ग" मतदान केन्द्र** मा खटिने कर्मचारी, सुरक्षाकर्मी, स्वयंसेवक, मतदान प्रतिनिधिहरू सबैले अनिवार्य रूपमा PPE (Personal Protective Equipment) सहितको स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाउनु पर्नेछ ।

७. मतदान स्थल तथा केन्द्रमा खटिने कर्मचारी, सुरक्षाकर्मी, स्वयंसेवक, पर्यवेक्षक, उम्मेदवार वा उम्मेदवारका प्रतिनिधि एवम् मतदाताले मतदान स्थल वा केन्द्रमा आफ्नो जिम्मेवारीमा रहँदा कम्तीमा २ मीटरको सामाजिक दूरी कायम गर्नु पर्नेछ ।

८. PCR Report Negative भएका कर्मचारी तथा सुरक्षकर्मीलाई मात्र मतदान स्थल, मतदान केन्द्र र मतगणना स्थलमा खटाइनेछ । मतदान केन्द्र र मतगणना स्थलमा खटिने कर्मचारी,

सुरक्षाकर्मी र स्वयंसेवक लगायत सबैले अनिवार्य रूपमा Face Shield, पञ्जा र मास्क लगाउनु पर्नेछ ।

९. मतदाताले मतपत्र प्राप्त गरी गोप्य कक्षमा गई मतदान गरिसकेपछि अनिवार्य रूपमा स्यानिटाइजरको प्रयोग गर्नु पर्नेछ ।

१०. मतदान अधिकृतले एक मतदान केन्द्रमा बढीमा २५ जना मतदाताले मतदान गरीसकेपछि गोप्य मतदान कक्षमा प्रयोग भएका स्वस्तिक छाप लगायतका मतदान सामग्रीहरूको अनिवार्य रूपमा निसङ्क्रमण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

११. मतदान सम्पन्न भएपछि मतपेटिका सिल गर्नुअघि निसङ्क्रमण गर्ने र गणनाको लागि मतगणना स्थलमा लैजाने व्यवस्था गर्नु पर्नेछ ।

१२. मतगणनाको लागि तयार गरिएको मतगणना स्थलमा मतपेटिका खोल्नु अघि अनिवार्य रूपमा निसङ्क्रमण गर्ने व्यवस्था गर्नु पर्नेछ ।

१३. मतदान स्थल र मतगणना स्थलमा अनावश्यक भिडभाड हुन नदिने र प्रवेशलाई कडाइका साथ नियन्त्रण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१४. मतदान स्थलमा अनिवार्य रूपमा आवश्यक उपकरण सहितको एक एम्बुलेन्सको व्यवस्था गर्नु पर्नेछ । एम्बुलेन्सको व्यवस्था सम्बन्धित प्रदेश सरकारको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालयको समन्वयमा सम्बन्धित जिल्ला स्वास्थ्य कार्यालय वा जिल्ला अस्पतालबाट गर्नु पर्नेछ ।

१५. बागमती प्रदेशमा मिति २०७८।२६ मा र लुम्बिनी प्रदेशमा मिति २०७८।२।१७ मा हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि सम्बन्धित प्रदेशभित्रका प्रदेश सभा सदस्य, नगरपालिकाका प्रमुख तथा उपप्रमुख र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष निर्वाचक मण्डलका सदस्य हुने हुँदा निर्वाचन हुनु भन्दा ७२ घण्टा अघि निज मतदाताहरू PCR परीक्षणको लागि कुनै स्वास्थ्य संस्थामा सम्पर्क गर्न पुगेमा प्राथमिकताका साथ परीक्षणको व्यवस्था गरिदिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र प्रदेश सरकारको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालयबाट आवश्यक व्यवस्था मिलाउने ।

१६. आयोगले निर्धारण गरेको यस मापदण्ड समेतको आधारमा सम्बन्धित निर्वाचन अधिकृतले मतदान स्थल तथा केन्द्रको अवस्था हेरी आवश्यकता अनुसार स्वास्थ्य सुरक्षा सम्बन्धी व्यवस्था गर्न सक्नेछ ।